

Figure 7: The Buddha holding honey offered by the monkeys



Figure 8: Narrative Scenes in a single stone-slab

# राजवैद्य दण्डपाणिको घर र वैद्य आगमका कलाकृति

पुरुषोत्तमलोचन श्रेष्ठ

भक्तपुरको मूलनगरबस्तीको मुटु–सुकुलढोका <(<सुखुध्वाखा<सुगलद्वाखा) को व्यस्त बजारमा, मूलबाटोको पश्चिम किनारस्थित दक्षिण-पूर्व मोहडा भएको परम्परागत शैलीमा बनेको एउटा चारतले घर (चित्र संख्या १) छ । राणा प्रधानमन्त्री जङ्गबहादुरको समयतिर सो घरसँग सम्बद्ध वर्तमान वैद्यहरूका पूर्वज दण्डपाणिले बनाउन लगाएको भनिन्छ ।[1] त्यसपछि त्यो घर एवं त्यस परिसरमा रहेका नारायण, श्रीकृष्ण आदि देवताका नित्य नैमित्तिक पूजाआजा, नित्य भजन, आरति आदि धार्मिक कृत्यलाई निरन्तरता दिनका निमित्त निजी गुठीकै रूपमा दण्डपाणिकी पत्नी विद्यालक्ष्मीले त्यस घरको भुइँतलामा सम्बद्ध अमात्य र श्रेष्ठहरूलाई विशेषगरी उनीहरूले कृष्णजन्माष्टमी पर्व/गुठी अनवरतरूपले चलाइरहुञ्जेल तिनका सन्तान दरसन्तान वा अनन्तकालसम्मन् पनि उनीहरूलाई उठाउन नपाउने गरी ने. सं. १०१३ (वि.सं.१९५०) मा स्वहस्ते- कबुलियत-कागज गरी पसल बहालमा अर्पित गरेकी थिइन् । यो कुरा यस विषयका सम्बद्ध प्रमाणका आधारमा ज्ञात हुन्छ ।[2]

त्यसैगरी घरका नारायण र श्रीकृष्ण आदि देवताका नित्य नैमित्तिक पूजाआजा चलाउने पूजारीका रूपमा सम्बद्ध राजोपाध्याय ब्राह्मणलाई पनि त्यस घरको भुइँतलामाथिका भागमा बसोबास गराइयो ।[3] यसप्रकार दण्डपाणिले सो घर बनाइसकेपछि त्यस घरमा पूजारीका रूपमा बसोबास गर्दै आएका राजोपाध्याय ब्राह्मण एवं पसल चलाउँदै आएका अमात्य, श्रेष्ठहरूका माध्यमबाट एउटा नयाँ संस्कृति विकसित हुँदै वर्तमानमा पनि जीवन्त रहँदै आएको देखिन्छ ।

## घर र सो परिसरमा रहेका कलाकृति[4]

दण्डपाणिहरूको सालिगसहितको आरति (चित्र संख्या २, क)

सालिगसहितको यस ढलौटको आरतिमा लहरै छवटा सालिगहरू भक्तिभाव-मुद्रामा बसेका छन् । ती सालिगहरू माथि कलात्मक तोरणाकृति (कदम) सजाइएको छ र त्यसको शीर्षभागमा लहरै पाँचवटा आरति देखापर्छन् (चित्र संख्या २, ख) सालिगहरूको आसनमा निम्न अभिलेख कुँदिएको छ -

**संख्या १**

**मूलपाठ**

१. ॐस्वंत् १९३३ मिति मार्गसिल शुदि १४ रोज४स राजवैद दन्दपानि १ स्त्रि विद्याल-

२. क्ष्मी १ पुत्र देवानन्द १ रामदास १ कृष्णानन्द १ निलकंथ सकलसेन श्री३ नारायन प्रिति याना थो आरति थव क्षस नित्ये भजन यायगुलि च्यायमाल सुभ

*Contributions to Nepalese Studies*, Vol. 33, No. 1 (January 2006), 97–119
Copyright © 2006 CNAS/TU

**अनुवाद**

वि.सं. १९३३ साल मिति मार्ग शुदि १४ रोज ४ मा राजवैद्य दण्डपाणि १, स्त्री विद्यालक्ष्मी १, पुत्र देवानन्द १, रामदास १, कृष्णानन्द १, नीलकण्ठ सबैले श्री ३ नारायणलाई प्रीति गरी यो आरति आफ्नो घरमा नित्य भजन गर्नाका लागि बाल्नुपर्‍यो । शुभ होस् ।

**व्याख्या**

विद्यालक्ष्मी राजवैद्य दण्डपाणिकी पत्नी हुन्, अनि देवानन्द, रामदास, कृष्णानन्द र नीलकण्ठ उनीहरूका छोरा हुन्; आफ्नो परिवारका सालिकसहितको यो आरति आफ्नो घरमा नित्य भजन गर्नाका निमित्त बाल्न उनले वि.सं.१९३३ मा बनाउन लगाई श्री ३ नारायणलाई प्रीति गरी राखिदिएका हुन् भन्ने कुरा यस अभिलेख प्रमाणबाट थाहा हुन्छ ।

*श्रीकृष्णको सिंहासन* (चित्र संख्या २, ख)

कलात्मक सुन्दर फुलबुट्टा एवं चराका आकृति आदिले सजाइएको कदमसहितको (शीर्षभागमा छत्र हालिएको) यो ढलोट सिंहासनमा पहिले श्रीकृष्णको मूर्ति विराजमान थियो । अहिले त्यहाँ सो मूर्ति छैन,[५] गरुडनारायणको मूर्ति राखिएकोचाहिँ देख्न सकिन्छ । सो कदमसहितको सिंहासन राखिएको पार्श्वभागको भित्तामा नवनागको सुन्दर भित्तेचित्र लेखिएको छ । त्यसले यथोचित ढङ्गबाट सो सिंहासनको शोभालाई बढाईरहेको छ । त्यस सिंहासनको तलतिरको घेरामा निम्न अभिलेख कुँदिएको छ -

**संख्या २**

**मूलपाठ**

१. स्वस्ति श्री संवत् १९६८ साल मिती कार्त्तिकशुदि १० रोज ४ थो डीनस राजवैद नीलकं व व या तृती भायर्य मैयानानी निम्ह त्रिपुरुषनः

२. श्रीकृष्ण प्रीतीनं लिधलवटया सींघासन कदमस्मेतया धार्नि ४।३ द्रुताजुल शुभ्म्

**अनुवाद**

स्वस्तिश्री वि.सं. १९६८ साल मिति कार्तिक शुदि १० रोज ४ मा, राजवैद्य नीलकण्ठ र उनकी तृतीय पत्नी मैयाँनानी दुवै स्त्रीपुरुषसहित श्रीकृष्णलाई प्रीति गरी ४ धार्नी ३ पाउ भएको कदमसहितको पित्तलको ढलोट सिंहासन चढायौं । शुभ होस् ।

**व्याख्या**

वि.सं.१९६८ मा दण्डपाणिका पुत्र नीलकण्ठ र उनकी पत्नी मैयाँनानीले यो सिंहासन भगवान् श्रीकृष्णलाई प्रीति गरी चढाएका थिए भन्ने कुरा यस अभिलेखबाट थाहा हुन्छ ।

सो घर पसलका राजोपाध्याय,अमात्य एवं श्रेष्ठहरूका अतिरिक्त स्थानीय बासिन्दाहरूका अनुसार पहिले त्यस घरसँगै दक्षिणपट्टि पूर्वाभिमुख खुला



दलानसहितको सत्तल;[६] छँदा कृष्ण जन्माष्टमीका अवसरमा त्यस घरको कृष्णको मूर्ति सोही सत्तलमा ल्याई राख्ने चलन थियो; टोलवासी र श्रद्धालु भक्तजनहरूबाट पूजामान ग्रहण गराइसकेपछि/धलं दाने गरिसकेपछि बेलुकीपख फेरी पूजा गरी पुनः घरभित्र लाने चलन थियो । अहिले सो चलन बन्द भइसकेको भए तापनि हरेक वर्ष कृष्ण जन्माष्टमीका दिन कृष्णको विशेष पूजा सो घर पसलमा बस्नेहरूले चलाउँदै आएको थाहा हुन्छ ।[७]

**गरुडनारायण (चित्र संख्या ३)**

गरुडनारायणको यो धातुनिर्मित सुन्दर र आकर्षक मूर्ति आधुनिक कालमा बनेको भएतापनि यसप्रकारका मूर्तिमा पाइने शैलीलक्षण-अनुकरण हाम्रो यहाँ प्राचीनकालदेखि नै लोकप्रिय रहँदै आएको कुरामा सन्देह छैन ।

**चोकभित्रका कलाकृति**

घरपछाडिको चोकको पश्चिमतिर पर्खालसँगै *गरुडनारायण*को एउटा प्राचीन प्रस्तर मूर्ति[८] र एउटा मध्यकालिक शिवलिङ्ग देखापर्छन् । (चित्र संख्या ४)

गरुडनारायणको यस प्रस्तर मूर्ति (चित्र संख्या ५) ले नेपाल-उपत्यकाका अनेक स्थानका यस्तै शैलीलक्षणका प्राचीन मूर्तिहरूको स्मरण गराएको छ । तात्कालिक-नित्यपूजा- प्रयोजन, समयचक्रको मार, घामपानी आदि अनेक कारणले यो पूरै मूर्ति ज्यादै नै खिइसकेको अवस्थामा छ । शायद त्यसैकारण पनि यस मूर्तिमा नारायण र उनको वाहन गरुडका अनुहार चिन्नै नसकिने गरी विलुप्त हुनपुगेको छ । त्यसैगरी नारायणले आफ्ना हातमा लिएका आयुध एवं धारण गरेका मुद्रा, अलङ्कार आदि पनि नदेखिने भइसकेका छन् । यस्तै शैलीका चाँगुको स्वर्णमूर्ति[९] र सिद्धपोखरीको प्रस्तरमूर्ति[१०] मा गरुडले आफ्नो गलामा धारण गरेका सर्पालङ्कार यस मूर्तिका गरुडका गलामा चाहिँ खिइएर झण्डै झण्डै पूरै विलुप्त हुनपुगेको छ । यसबाट पनि चतुर्बाहु गरुडनारायणको यस मूर्तिको प्राचीनता झल्कन्छ ।

विशेषगरी चाँगु र सिद्धपोखरीका मूर्तिमा झैं यस मूर्तिका चतुर्बाहु नारायण पनि गरुडको पिठ्यूँमाथि पलेटी कसेर आसन जमाई बसेका छन् । सिद्धपोखरीका नारायणले आफ्ना अघिल्तिरका दुई हात काखमा अड्याई योगमुद्रा धारण गरेका छन् । तर यस मूर्तिका नारायणले चाहिँ आफ्ना अघिल्तिरका दायाँ हात छातिसम्म पुर्‍याएका छन् । तीनै स्थानका मूर्तिमा आफ्ना दुवै मानव-हातसहितका पखेटा हावामा फिँजाएर, पिठ्यूंमा नारायणलाई बसाली उडीरहेका[११] गरुडहरू मानव-मुखाकृतिका छन् । त्यसरी उडीरहेको अवस्थालाई दर्शाउन यस मूर्तिमा गरुडनारायणको दायाँ बायाँ बादलका टुका देखाइएका छन् । यसरी यस मूर्तिमा देखापर्ने प्राचीन शैली,लक्षण आदितर्फ विचार गर्दा यसलाई विक्रमको सातौं शताब्दीतिरको मान्न सकिन्छ ।[१२]

टिबुक्छे-सुकुलढोकाटोलको उत्तर-दक्षिण मूलमार्गदेखि पश्चिमपट्टि एकनासका ६ वटा शिवलिङ्गहरू ६ स्थानमा रहेको देख्न सकिन्छ तीमध्येकै एउटा शिवलिङ्ग यस चोकभित्रको पर्खालसँगैको यो शिवलिङ्ग (चित्र संख्या ६) पनि हो ।[१३]

**श्रीधर नारायण**

हाल सो घरको पसल सामुन्ने पूर्वपट्टि (मूलबाटोको पश्चिमपट्टि) झण्डै मानवकदको चतुर्बाहु नारायण/को सुन्दर प्रस्तर मूर्ति (चित्र संख्या ७) दक्षिणाभिमुख अवस्थामा स्थापित रहेको छ । यस मूर्तिका नारायण श्रीधर नारायण नामले जनजीवनमा लोकप्रिय छन् । सो घरमा बस्दै आएका जीवनराज राजोपाध्याय एवं त्यस घरमुनि पसल चलाउँदै आएका निर्वाणचरण अमात्य, तुलसीभक्त श्रेष्ठलगायतका स्थानीय बासिन्दाहरूका अनुसार- यी श्रीधर नारायणको एक सुन्दर मन्दिर दण्डपाणिले सो घर बनाउनअघि त्यहाँ थियो । (यस विषयमा माथि पनि चर्चा भइसकेको छ) दण्डपाणिले सो प्राचीन नारायण मन्दिर हटाई त्यहाँ घर बनाउने क्रममा सो मन्दिरका श्रीधर नारायणलाई अहिलेको यस ठाउँमा त्यसरी सारेर राखीदिएका हुन् । त्यसपछि पहिले श्रीधर नारायणको मूर्ति स्थापित रहेको मूलस्थानमा चाहिँ त्यसैको सानो ढुङ्गे प्रतिमूर्ति (चित्र संख्या ८) बनाउन लगाई राखिदिएका हुन् ।[१४]

उक्त परिप्रेक्ष्यमा उक्त मन्दिर नष्ट भएर विचलनको मारमा परेतापनि पूर्वकालदेखि यहाँको धार्मिक लोकजीवनद्वारा पाउँदै आएको सांस्कृतिक सम्मान एवं धार्मिक श्रद्धाबाट चाहिँ यस श्रीधर नारायणले अहिले पनि वञ्चित हुनुपरेको छैन । कार्तिकशुक्ल पूर्णिमाका दिनमा गरिने नसा व्ययेगु पर्वपूजा[१५] (चित्र संख्या ९) र आश्विनशुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म १ महिना आलुमता[१६] (आकाशदीप) बाल्ने चलन (चित्र संख्या १०) यस कुराका उदाहरण हुन् ।

यस चतुर्बाहु श्रीधर नारायणको मूर्तिको बनौट, शैलीलक्षण आदिले यस्तै एक्लै, स्थिर मुद्रामा उभिएका हाँडीगाउँ, कुम्भेश्वरका ई.को तेस्रो चौथो शताब्दीतिरका मानिने नारायणका मूर्ति[१७] लगायत चाँगुनारायणको दशौं शताब्दीतिरको मानिने नारायण[१८] का प्राचीन मूर्तिहरूको सम्झना गराएको छ । मूर्तिकलाको विकासक्रमका प्रसङ्गमा यहाँनिर विचारणीय कुरो के छ भने चाँगुका दशौं शताब्दीका चतुर्बाहु नारायणका तुलनामा सुकुलढोकाका श्रीधर नारायणको मूर्तिले प्राचीन सरल शैली र लक्षणलाई त्यति साह्रो उछिनेर मध्यकालिक जटिलतातिर प्रवेश गरिसकेको प्रतीत हुँदैन । यसरी शैली लक्षणका आधारमा यस श्रीधर नारायणलाई नवम शताब्दीतिरको मान्न सकिन्छ ।

**वैद्य आगँ (आगंछें) का कलाकृति[१९]**

सुकुलढोकाटोलक्षेत्रको भीमसेनस्थानदेखि सीधा उत्तरतर्फ लाग्ने केही ठाडो-उकालो बाटोमा भिसिंद्यो तंचाको पश्चिमतर्फ परम्परागत नेवारशैलीमा बनेको वैद्यहरूको आगमघर (चित्र संख्या ११) छ ।[२०] तीन तले यस आगमघरको काष्ठनिर्मित कलात्मक मूल प्रवेशद्वारको तोरण (चित्र संख्या १२), माथिल्लो तलाको झ्याल र त्यसको दायाँ



बायाँका दुईवटा टुँडाल (चित्र संख्या १३) अनि त्यसैगरी माथिल्लो तलाभित्र- (चित्र संख्या १४) मूल आगमकोठामा पस्ने धातुनिर्मित प्रवेशद्वारको तोरण (चित्र संख्या १५) मा दर्शाइएका शिवपरिवार (शिव, पार्वती, गणेश, कुमार) + भैरव र शक्तिका तान्त्रिक भाव झल्कने सुन्दर आकृतिहरूले पनि हिन्दू-नेवार आगम परम्परामा शैव+शाक्त तन्त्रको मिश्रित प्रभाव प्रबलरूपले रहँदै आएको कुरा दृष्टिगत हुन्छ ।

माथिल्लो तलाको मूल आगमकोठा पस्ने बन्द ढोकाका खापामा (चित्र संख्या १६) *आगम* को प्रतीकस्वरूप त्रिनेत्र, खड्ग र एकजोडी त्रिखुटी आसनमा जोडा कलश चित्रित छन् । सो ढोकाका खापामा तल माथि भोटे ताल्चा (सां न) मारिएको छ । यस ढोका र यससँगै अहिलेका सम्बद्ध वैद्यहरूका विभिन्न कालका पूर्वजहरूले विभिन्न कालमा सो आगमका आफ्ना इष्टदेवतालाई अर्पित गरी राखेका निम्नलिखित कलाकृति एवं सालिगहरू देखापर्छन्-

**सालिगस्थापित आसनको अभिलेख**

आगमद्वारसँगै दायाँपट्टि एउटा लाम्चो परेको प्रस्तर-आसन छ । सो आसनमाथि लहरै दुई स्त्री र एक पुरुषका गरी तीनवटा प्रस्तर-सालिग छन् । सो प्रस्तर-आसनमा निम्न अभिलेख (**चित्र संख्या १७**) कुँदिएको छ -

**संख्या ३**

**मूलपाठ**

१. कुशल वैद्य डो,सुभद्रामयी डोसेन सालिक
२. सोम्हा दयका जुरो,सम्वत् ७९८ कार्तिक
३. वदि पंचमि कुन्हु ॥ शुभ ॥

**अनुवाद**

ने.सं.७९८ (वि.सं.१७३५) कार्तिक वदि पंचमीका दिनमा डो (डोय) कुशल वैद्य, सुभद्रामयी डो (डोय) हरूले तीनजनाका सालिग बनाई राखियो ।

*व्याख्या*

आसनमाथिका पुरुष सालिग कुशल वैद्य र दायाँ बायाँका स्त्री सालिग सुभद्राहरू हुन् भन्ने कुरा यस अभिलेखबाट स्पष्ट हुन्छ । ने.सं.७९८ मा तात्कालिक भक्तपुर एक स्वतन्त्र राज्य थियो; त्यसबखत राजा जितामित्र मल्लको शासन चलीरहेको थियो । यहाँ कुशल वैद्यहरूले आफूहरूलाई 'डो' भनेका छन् । यो कुरा विचारणीय छ । वैद्यहरूको पारिवारिक भनाइअनुसार तात्कालिक तिरहुत राज्यका डोय शासक हरसिंहदेवका एक राजकुमारले उनीहरूका पूर्वजलाई वैद्यशास्त्र पढाएका हुनाले वैद्यहरू पनि डोय कहलिएका थिए ।[२१]

गोपालराजवंशावलीका ५६, ५७, ५९ र ६३ पत्रमा तात्कालिक भक्तपुरका मुलमीलाई 'डोय' भनिएको छ; ठिमीका एक बासिन्दालाई पनि 'डोय' भनिएको छ ।[२२]

त्यसैगरी ने.सं. ६७१-७२ का भूमिसम्बन्धी तमसूक ताडपत्रहरूमा तात्कालिक भक्तपुरकाउपाध्याय उल्हासराज[२३] लाई मात्र नभएर भक्तपुर गछेंटोलस्थित-बालकुमारी देवगृहको काठको तोरणमा कुँदिएको ने.सं.८७७ को अभिलेखमा उल्लेखित सम्बद्ध मानन्धरलाइ पनि 'डोय' भनिएको छ ।[२४] यसप्रकार तात्कालिक नेपाल-उपत्यकामा 'डोय' नाम-विशेषणले बढ्ता प्रसिद्ध रहेका पूर्वमध्यकालका तिरहुत राज्यका शासकहरूले बाह्रौं शताब्दीदेखि नै (तिरहुत राज्य खडा भएको केही कालपछि) नेपाल-उपत्यकाको राजनीति, समाज, धर्म संस्कृतिमा पछिसम्म असर पर्नेगरी वज्र-प्रभाव जमाउन सफल भएका थिए; यसो हुँदा अनेक समयमा तिरहुतनिरका अनेक थरीका मानिसहरूको स्थायी बसोबास समेत नेपाल-उपत्यकामा हुन थाल्यो; अनि यहींकै रैथाने-बासिन्दा भएर, पछि बिस्तारै यहांको समाज, धर्म-संस्कृतिकै अभिन्न अङ्ग बने । केहीले यहांका उच्च प्रशासनिक पदहरूमा पनि स्थान पाउन थाले; अनि यसरी तिरहुतका डोय शासकहरू मात्र नभएर अनेक कालमा त्यहांबाट यहाँ आएर बसेका सामान्य-जन पनि तात्कालिक नेपाल-उपत्यकाको जनजीवनमा 'डोय' कहलिन पुगेका थिए । यो विशेषण सम्मानसूचक पर्यायालङ्कारका रूपमा प्रयुक्त हुँदै परम्परागतरूपमा मल्लकालको उत्तरार्द्धसम्म पनि व्यवहृत आएको देखिन्छ ।[२५]

**ब्व सिंहको आसनको अभिलेख**

आगमकोठा प्रवेश गर्ने ढोकाको दायाँ बायाँ धातुनिर्मित साह्रै सुन्दर एकजोडी भाले पोथी ब्व सिंह (उड्न लागेका सिंह) ले पनि त्यस आगमकोठाको बाहिरी भाग र त्यो ढोका अलंकृत छ । त्यस ढोकाको बायाँपट्टिको पोथी ब्व सिंह (चित्र संख्या १८) उभिएको आसनमा निम्न अभिलेख (चित्र संख्या १९) कुँदिएको छ -

**संख्या ४**

**श्रीस्वेष्टदेवता**

१. शुभ सम्वत् १९६६ साल वैसाखमैन्हामा --- का घर जोडियेको प -
२. शिचम लङ् --- का घर लमाई हात १७४गज हात १० लगापात्स्मेत
३. जिर्णउद्धार गरि वैद्य हिरालालले आफ्ना विवाहिता पत्नि संतकुमारीसहित
४. भै ---प्रिति गरि चढात्रूं ॥ १९६७ साल वैसाख गते २९ रोज ४ शुभम् ॥
शुभमस्तु ॥

**संख्या ५**

आगँढोकाको दायाँपट्टिको भाले ब्व सिंह (चित्र संख्या २०) उभिएको आसनको अभिलेख (चित्र संख्या २१)

**श्रीस्वेष्टदेवता**

१. शुभ सम्वत् १९६७ साल वैसाख गते २९ रोज ४ का दिन श्रीवैद्य दण्डपाणिको
पुत्र श्री



२. राजवैद्य देवानन्द तत्पुत्र वैद्य हिरालालले आफ्नु विवाहिता पत्नी
सन्तकुमारीसहित
३. भै ---प्रिति गरि ढरवट्को सिंह १ सिंहिनि १ चढाञ्यूं ॥ शुभमस्तु ॥ ॥

**संख्या ६**

**आगमढोकाको तोरणको अभिलेख**

**मूलपाठ**

१. श्रीनेपाली संम्वत १०७८ साल जेष्टशुक्ल ६ रोज ७ या दीन श्री ३ कुलदेवतायात
ली या द्वार १ तोलन सहीत भ.पु. टिवकछे टोलया दिवंगत जीवाजु लंम्बोधर या
काय पूर्णधरया वामांगी
कैलाशनानी वैद्यनीनं प्रीती याना दुता जुल शुभ्म .

**अनुवाद**

श्रीनेपालसंवत् १०७८ (वि.सं.२०१५) साल जेष्ठशुक्ल ६ रोज ७ का दिन श्री ३ कुलदेवतालाई पित्तलको द्वार १ तोरणसहित भक्तपुर टिवुक्छेटोलका दिवंगत जीवाजु लम्बोधरका छोरा पूर्णधरकी वामांगी (धर्मपत्नी) कैलाशनानी वैद्यनीले प्रीति गरी चढाएं ।

**काष्ठमन्दिर**

आगमढोकासँगै दायाँपट्टि नेवारशैलीको एउटा सानो एकछाने काष्ठनिर्मित मन्दिर (चित्र संख्या २२) छ । निःसन्देह सबैको ध्यान सहजै तान्ने पछिल्लो मल्लकालताकाको यस सानो सुन्दर मन्दिरलाई पनि नेवार काष्ठ-कारीगरीको एक अनुपम नमूनाको रूपमा लिन सकिन्छ ।[२६] यस मन्दिरमा कुमारीलाई विराजमान गराई तान्त्रिक विधिबमोजिम पूजा गर्ने परम्परा रहँदै आएको परिप्रेक्ष्यमा[२७] सोही प्रयोजनका निमित्त यो मन्दिर बनाइएको बुझिन्छ ।

बोलीचाली र लिपिका परिप्रेक्ष्यमा, नेपाल-उपत्यकाका नेवारहरूमा भाषिक उतार चढाव एवं नेपाली भाषा- (खें भाय्) र लिपिको असर खासगरी मल्लकालपछि देखिन थालेको कुरालाई दण्डपाणिको घर र वैद्य आगममा रहेका माथि प्रस्तुत विभिन्न कालका अभिलेखका लिपि र भाषाका सन्दर्भ-प्रमाणका आधारमा पनि विचार गर्न सकिन्छ ।

झण्डै सवा सय वर्षअघि बनेको दण्डपाणिको सुकुलढोकाको सो घर परिवेश पुरातात्त्विक दृष्टिले मात्र नभै उक्त घर बनेपछिका दिनहरुमा त्यहाँ विकसित हुन पुगेको नयाँ संस्कृति एवं सामाजिक व्यवहार, चलन आदिका दृष्टिले पनि महत्त्वपूर्ण एवं संवेदनशील मान्न सकिन्छ । सय वर्षभन्दा अघिदेखि सो घरमा पुजारीका रूपमा बसोबास गर्दै आएका अहिलेको पुस्तासम्मका राजोपाध्यायहरूको पारिश्रमिक भन्नु यथार्थमा अरु केही नभएर उनीहरूले सो घरमा बसी नित्य नैमित्तिक पूजाआजा चलाइरहुन्जेलसम्मन्का लागि बसोबास गर्न पाउनु नै 'खानगी' हो भन्ने कुरा

परम्परा चलन-प्रमाणका आधारमा दृष्टिगत हुन्छ । त्यसैगरी सय वर्ष अघिदेखि पसल चलाउँदै आएका अमात्य श्रेष्ठहरूका अहिलेका पुस्ताले श्रीधर नारायणलगायतका देवताहरूको नित्य नैमित्तिक पूजाआजाका लागि आर्थिक आधार जुटाउँदै सांस्कृतिक परम्परालाई धान्दै, जीवन्त तुल्याउँदै आइरहेका छन् । लोक संस्कृति अनि सामाजिक व्यवहार आदि यसरी पनि चल्दो रहेछ भन्ने कुराको एउटा उदाहरण यताबाट मिल्छ ।

**पादटिप्पणी**

१. राणा प्रधानमन्त्री जङ्ग बहादुरका समकालिक दण्डपाणि तत्कालिक भक्तपुरका एक प्रभावशाली व्यक्तित्वका रूपमा देखापर्छन् । वैद्यहरूको पारिवारिक वंशावली (अप्रकाशित) एवं प्रचलित-पारिवारिक भनाइ, अनेक स्थानका कृति अभिलेख आदिका अतिरिक्त, दण्डपाणिका वर्तमानका एक वंशज कान्तिपुर त्रिपुरेश्वरनिवासी प्रा.डा. तुलसीराम वैद्यका अनुसार दण्डपाणि चक्रपाणिका भाइ हुन् भन्ने कुरा ज्ञात हुन आएको छ ।

पशुपतिको रणबहादुर शाहको वि.सं.१८५५को अभिलेखमा- "वल्लभ वैद्य यज्ञवल्लभ वैद्य राधावल्लभ वैद्य एकदेव वैद्य साढ्या वैद्य मिल्हा वैद्य आनन्द वैद्यले विहान व्यालुका रोजिन्ना २ बेर सब परिवारका नाडी हेरी संच विसंचको, विचार गरी व्यथाअनुसारको औषधि शास्त्र हेरी ठहराई बनाई टकयाउनु ...साढ्या वैद्यले आफना कुलदेवतालाई चोषि नीति भाव भक्ति गरी नषुन्स्याइ प्रसन्न राषि मेरा परिवार सबको रषरक्षा गर्दै रहनु . ..." (धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, शाहकालका अभिलेख, काठमाडौँ, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०३७, पृ.२५१) भन्ने उल्लेख परेको छ । यताबाट वैद्यहरूले मल्लकालमा मात्र नभएर शाहकालमा पनि तन्त्रोक्त वा शास्त्रोक्त विधिपूर्वक अनेक रोगको उपचार गर्ने अनेक थरीका राजवैद्यका रूपमा मान्यता र महत्व पाउँदै आएको थाहा हुन्छ । यसै प्रसङ्गमा परवर्तीकालका चक्रपाणिहरू जङ्गबहादुर र उनको परिवारका राजवैद्य थिए; त्यसैले जङ्गबहादुरले वि.सं. १९०६-०७ मा बेलायतयात्रा गर्दा चक्रपाणिलाई पनि साथै लगेका थिए । जङ्गबहादुरका छोरा पद्म जङ्गले यस कुराको उल्लेख यसरी गरेका छन्- 'On the 15th of January 1850. Jung Bahadur's mission left Kathmandu en route for England. Besides Jung Bahadur. the party consisted of Colonel Jagat Shumsher Rana. Colonel Dhir Shumsher Rana. Captain Ran Mehar Adhikari, Kaji Karbar Khatri. Kaji Hemdal Thapa. Kazi Dilli Singh Basnait. Lieuetenant Lal Singh Khatri, Lieuetenant Karbar Khatri. Lieuetenant Bhimsen Rana. Subba Siddhiman. Subha Sum Narsingh. Subedar Dalmardan Thapa. baidya Chakrapani. Artist Bhajuman. four cooks ' (Life of Jung Bahadur. Kathmandu, Ratna Pustak Bhandar. 1974. pp.116)

यसप्रकार उक्त परिप्रेक्ष्यमा शासकवर्गसित चक्रपाणिहरू निकट हुनपुगेका कारण प्रकारान्तरमा दण्डपाणिको प्रभाव टोलछिमेकमा बढेको थियो भन्ने कुरा दृष्टिगत हुन्छ । भक्तपुरमा चलेको लोकवादअनुसार दण्डपाणिले सो घर बनाउनुअघि त्यहाँ नारायणको मन्दिर थियो । सो मन्दिर मासेर उनले त्यहाँ यो घर बनाएका हुन् ।

२. हाल त्यस घरका २ वटा पसलहरू झण्डै पाँचौ पुस्तापछिका निर्वाणचरण अमात्य र तुलसीभक्त श्रेष्ठहरूले चलाउँदै आएका छन् । राजवैद्यनी विद्यालक्ष्मीले उनीहरूका पूर्वजहरूलाई गरिदिएको ने.सं. १०१३ को स्वहस्ते-कागजपत्रमा- उक्त धार्मिक



सांस्कृतिक कृत्यका लागि निजी गुठी चलाउन पसल बहालमा अर्पित गरेको; पसल चलाउनेहरूले वार्षिक साढे चार रुपैयाँ सो गुठी चलाउन बुझाउनुपर्ने; उनीहरूले नै सो गुठी चलाइरहेसम्म तिनका सन्ततिहरूलाई पसलबाट उठाउन नपाउने; सो रकममध्ये एक मोहरले एक महिनासम्म आकाशदीप बाल्नुपर्ने र बाँकी चार रुकैयाँले कृष्णाष्टमी पर्व चलाउनुपर्ने आदि कुरा उल्लेख छ ।

३. हाल त्यस घरमा बस्दैआएका पूजारी श्रीजीवनराज राजोपाध्याय, पसल चलाउँदै आएका श्रीनिर्वाणचरण अमात्य एवं तुलसीभक्त श्रेष्ठ तथा सुकुलढोकाटोलका अन्य स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारीका आधारमा ।

४. प्रस्तुत कलाकृति सो घर/पसलका श्रीजीवनराज राजोपाध्याय-परिवार, श्रीनिर्वाणचरण अमात्य, श्रीतुलसीभक्त श्रेष्ठज्यूहरूले देखाउनुभएको हो । त्यसैगरी यहाँ प्रस्तुत समग्र चित्र स्मारक संरक्षण कार्यालय, भक्तपुरका फोटोग्राफर श्रीसूर्यप्रसाद श्रेष्ठज्यूको सौजन्यबाट प्राप्त भएका हुन् ।

५. जीवनराज राजोपाध्यायका परिवार, निर्वाणचरण अमात्य एवं तुलसीभक्त श्रेष्ठ लगायतका स्थानीय बासिन्दाहरूका अनुसार ।

६. अहिले सो सत्तल घर पसलको रूपमा परिणत हुनपुगेको छ ।

७. स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारीका आधारमा ।

८. जीवनराज राजोपाध्यायका अनुसार झण्डै चार दशकअघि अहिले पर्खाल उठेको त्यस ठाउँमा झारपात, फोहर आदि सफा गर्दा सो मूर्ति फेला परेको थियो ।

९. मोहनप्रसाद खनालले विवरणसहित यसको चित्र चाँगुनारायणका ऐतिहासिक सामग्री (काठमाण्डौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०४०, पृ.६६,६७, चित्र संख्या १०,११ मा छपाएका छन् ।

१० यसको विवरणसहितको चित्र मैले सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण (भक्तपुर, भक्तपुर नगरपालिका, वि.सं २०५४, पृ.२८-३१, चित्र संख्या १३) मा छपाएको छु ।

११. तर चाँगुको स्वर्णमूर्तिका गरुडका खुट्टा पनि छन्, ती खुट्टा चराका जस्ता छन् । यस्ता खुट्टा सिद्धपोखरी र यस मूर्तिका गरुडमा देखाइएका छैनन् । यताबाट चाँगुको गरुडनारायणले उड्न लागेको अवस्था र सिद्धपोखरी एवं यस मूर्तिका गरुडनारायणले चाहिँ आकाशमा उडीरहेका अवस्था दर्शाइरहेको दृष्टिगत हुन्छ ।

१२. यस विषयमा थप अध्ययन अनुसन्धान हुनु आवश्यक छ ।

१३. विनोदराज शर्मा, जीवनराज राजोपाध्याय, कृष्णलाल कर्माचार्य, सुरेन्द्रवीर कर्माचार्य, निर्वाणचरण अमात्यलगायतका स्थानीय बासिन्दाहरूका अनुसार अहिले शिवलिङ्ग रहेको त्यस क्षेत्रमा वा घेराभित्र पहिले मार्कण्डेय तलाउ थियो । जीवनराज राजोपाध्यायका अनुसार सो तलाउमा तीर्थस्नान, पूजापाठ गरिसकेपछि ती शिवलिङ्ग दर्शन गर्ने चलन थियो । विनोदराज शर्माका अनुसार केही दशकअघि सोही क्षेत्रका मेघपतिराज शर्मासित जगन्नाथ परिसरसहित देखिने सो मार्कण्डेय तलाउको सुन्दर नक्सा-चित्र थियो । सो नक्सा-चित्रमा त्यस तलाउको चार कुनामा-४ वटा र तलाउको मध्य-खण्डका दायाँ बायाँ किनारमा २ वटा गरी जम्मा ६ वटा शिवलिङ्ग स्थापित रहेको दर्शाइएको थियो । सो तलाउ लाम्चो परेर गएको चारपाटे आकारको थियो ।

यस तलाउका बारेमा प्रचलित एक रोचक किंवदन्ती यस्तो छ - यस तलाउमा कसैले आफ्नो पूर्वजन्मको स्वरूप हेर्ने इच्छा राखी हेरेको खण्डमा सो स्वरूप देखिने

अद्‌भुत विशेषता थियो । एकपल्ट तात्कालिक एक राजाले (?) यस्तै इच्छा राखी हेर्न पुग्दा आफनो प्रतिविम्बमा सुंगुर रूप देखेछन् र त्यसपछि सो तलाउ नै पुरिदिएछन् ।

उक्त परिप्रेक्ष्यमा विचारणीय कुरा के छ भने तात्कालिक मार्कण्डेय तलाउ रहेको हालको यस परिसरमा कम्तीमा पनि सातौं शताब्दीदेखिका ऐतिहासिक पुरातात्त्विक सामग्रीहरू पाइएका छन् । अन्धकारयुगतिरको दुर्लभ एउटा ऐतिहासिक सामग्री पनि हालै *यहीं* पाइएको छ । त्यसैगरी पूर्व मध्यकालमा नेपालमण्डलको राजधानी र त्यसको केन्द्रको रूपमा महत्त्व पाएको त्रिपुर राजकुल (त्रिपुर राजदरबार) पनि यसै परिसर भित्र रहेको थियो भन्ने कुरा हालैको अन्वेषणबाट देखिन आएको परिप्रेक्ष्यमा मार्कण्डेय तलाउ तात्कालिक त्रिपुर राजदरबार परिसरमा रहेको राजकीय-स्नानागार थियो कि भन्ने अनुमान हुन्छ । यस क्षेत्रको पुरातात्त्विक अन्वेषण हुन सकेमा नखुलेका ऐतिहासिक *रहस्य र थप नयाँ कुरा प्रकाशमा आउने छन्* । जे होस्, *यस क्षेत्रमा* उत्तर प्राचीनकालतिरको देखिने विष्णु मुखलिङ्ग भएको (वासुदेव,प्रद्युम्न,अनिरुद्ध,सङ्कर्षण) हरिहरको चतुर्मूर्ति लगायत पूर्व मध्यकालतिर स्थापित त्रिपुरसुन्दरी पीठ, देवगृह, त्रिपुर विद्यापीठ आदि तथा उत्तर मल्लकालसम्मका अनेक कलाकृति, मन्दिर, मूर्ति एवं भवन आदिका अवशेष देखिन आएको परिप्रेक्षमा पनि यो क्षेत्र अनेक दृष्टिले (निकै चहलपहल भएको) समृद्ध थियो भन्ने कुरा दृष्टिगोचर हुन्छ ।

१४. यो प्रतिमूर्ति- नारायण (पूर्वाभिमुख) तुलसीभक्तको पसलभित्र स्थापित छ । यताबाट अहिलेको यस दामोदर नारायण स्थापित रहेको भागमा प्राचीन श्रीधर नारायण मन्दिरको मूल गर्भगृह थियो र सो स्थानमा अहिले बाटोको छेउमा सारेर राखिएका अवस्थाका श्रीधर नारायण विराजमान थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

१५. झिसमिसे साँझ शुरु भएपछि देवदेवीका मन्दिर/मूर्ति सामुन्ने भुटेका अन्न/गेडागुडीबाट सम्बद्ध देवदेवीका आकृति बनाई फलफूल,रोटी आदि चढाई सुन्दर एवं आकर्षक ढङ्गले सजाई प्रदर्शित गर्ने सो रमाइलो पर्व स्थानीय नेवार जनजीवनमा *नसा ब्वयेगु* नामले प्रचलित छ ।

१६. आकाशमा आसादित देवदेवीलाई आरती प्रदान गर्ने अभिप्रायले *यस्ता आकाशदीप* (आलुमता/आल मत /मता कंलाःलि) खासगरी बाँसको टुप्पोमा झुण्ड्याई बाल्ने चलन छ ।

१७. लैनसिंह बाङ्‌देल, *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३९, पृ.१११-१४, चित्र संख्या ७७,७८,८०,८१ ।

१८. खनाल, *चाँगुनारायणका ऐतिहासिक सामग्री,* पूर्वोक्त, पृ.७३,७४ ।

१९. यस आगमका कलाकृतिको अध्ययन गर्ने अनुमति त्यस आगमसित सम्बद्ध राधा कर्माचार्यज्यूले दिनुभएको हो ।

२०. *तन्त्र*को अर्को नाम *आगम* पनि प्रचलित रहेको पाइन्छ । तान्त्रिक पद्धति/परम्परा कर्मप्रधान, प्रयोगात्मक र व्यावहारिक पक्षसित बढ्ता सम्बद्ध रहँदै आएको परिप्रेक्ष्यमा विशेषगरी पूर्वमध्यकालतिर शिक्षा-दीक्षा एवं गुह्य कर्मकाण्ड, साधना आदिका लागि उपयुक्त स्थलका रूपमा *आगम-संस्कृति* विकसित एवं लोकप्रिय भइसकेको स्पष्ट हुन्छ । तान्त्रिक धर्म प्रबलरुरूमा प्रचलित रहेको तात्कालिक समयमा मूलनगरबस्तीका प्रत्येक टोलमा अपरिहार्य रुरूमा कम्तीमा पनि सम्बद्ध जातविशेषका एउटा आगमघर रहेको अनुमान वर्तमानमा पनि जीवित रहँदै आएको विभिन्न टोलमा अवस्थित आगमघरहरूका परिप्रेक्ष्यमा हुन्छ । वैद्यहरूको यो आगमघर पनि तीमध्ये एउटा हो ।



२१. वैद्यहरूको पारिवारिक वंशावली (अप्रकाशित ) का आधारमा प्रा.डा.तुलसीराम वैद्यबाट प्राप्त जानकारीअनुसार ।

२२. 'स ४९० .. स ५०० ... क्वाछें *डोय मुल्मी* '(५६,५९पत्र),
'स ४९६ ...थ्यंमीं डोयया, बाबु ...' (५७ पत्र)
"स ५०८ आषाढ शुदि १० श्रीद्विजराज उपाध्यास्यम् थव केजा व *डोय मुलमीटो* दामह्न तानका ...*डोय मुलमीन,..*" ६३ पत्र)
(धनवज्र वज्राचार्य, कमल प्रकाश मल्ल, *दि गोपालराजवंशावली,* वेशवाडेन: फ्राञ्ज स्टेनर वेरलाग, ई.सं.१९८५,)

२३. "स्वस्ति ॥ श्रीश्रीजय विश्वमल्लदेवप्रभुठाकुरसन ...श्रीखप्वंभूम्यां श्रीचनिगलस्ठाने तलमंडेतोल ...अत्रपत्रार्थे दृष्टसाक्षी उपाध्याय ***डोयजु*** उल्हासराज ...सम्वत् ६७१"
"स्वस्ति ॥ श्रीश्रीजयजीतमल्लदेव प्रभुठाकुरसनं, श्रीश्रीजयविश्वमल्लदेव प्रभुठाकुरसन, ...अत्रार्थे दृष्ट श्रुतसाक्षि ...उपाध्याय डुयजु उल्हासराजजु ...सम्वत् ६७२ "
(विनोदराज शर्मा, 'केही अप्रकाशित ताडपत्रहरू', *पासुका,* वर्ष ३, अङ्क १०, आषाढ, वि.स.२०५६, पृ.६)

२४. 'स्वस्ति ॥ श्री३ गमलयाकामातिप्रितिसुर्जरदेब *दोयमानंधर* ... सम्बत ८७७ ... '
योगेश राज (सं), सुथां अभिलेख प्रकाश, ख्वप, सुथां, ने.सं.१११९, पृ.२५, अभिलेख संख्या ४४)


२५. यस विषयमा छुट्टै अध्ययन अनुसन्धान हुनु आवश्यक छ ।

२६. शायद यसै कारणले पनि हुन सक्छ, दुई तीन पल्ट यहाँ चोरले भित्ता फोरेर चोर्ने व्यर्थ प्रयास गरिसकेको कुरा सो आगमघरका राधा कर्माचार्यज्यूले यस पंक्तिकारलाई अन्वेषणका क्रममा बताउनुभएको थियो । अरु कोही नहुँदा अहिले सो आगमघरको सुरक्षाका लागि उहाँले पाल्नुभएका दुईवटा कुकुरहरूले दिनरात पहरा दिई रखबारी गरिरहेका छन् । (चित्र संख्या २३)

२७. राधा कर्माचार्यबाट प्राप्त जानकारीका आधारमा ।



चित्र १ : राणा प्रधानमन्त्री जङ्गबहादुरको पालामा बनाइएको सुकुलढोकास्थित दण्डपाणिको घर



चित्र २ क: दण्डपाणि परिवारका सालिगसहितको आरति





चित्र २ ख: दण्डपाणि परिवारको सालिगसहितको आरति; कदमसहितको श्रीकृष्णको सिंहासनमा अहिले श्रीकृष्ण नहुँदा चतुर्बाहु गरुडनारायण विराजमान छन्; सिंहासनको पार्श्वभागको भित्तामा चित्रित नवनाग



चित्र ३: चतुर्बाहु गरुडनारायण



चित्र नं. ४ चोकभित्रका गरुडनारायण र शिवलिङ्ग



चित्र नं. ५: चारदशक जति अघि झारपात सफा गर्ने क्रममा फेला परेको, उडिरहेका गरुडमाथि पलेंटी कसेर बसेका, प्रस्तरको चर्तुबाहु नारायणको मूर्ति, सातौं शताब्दी





चित्र नं. ६ हाल पुरिएर विलुप्त भइसकेको 'मार्कण्डेय तलाउ' को एक चिनो-अंश-शिवलिङ्ग, तेह्रौं शताब्दी



चित्र नं. ७: पूर्व मौलिक स्थानबाट विस्थापित हुन पुगेका– 'श्रीधर नारायण', नवम शताब्दी



चित्र नं. ८ पहिलेको मूल- श्रीधरनारायणको गर्भगृहस्थानमा (दण्डपाणिको घर) स्थापित सोही 'श्रीधरनारायण' को प्रतिमूर्ति



चित्र ९: आखिर, जहाँ गए पनि परम्परा/ संस्कार चाहिँ साथमै छ; भक्तहरुले अर्पित गरेको श्रद्धाभक्ति-सम्मान पनि सामुन्ने नै छ । सकिमना पुन्ही (आश्विन शुक्ल पूर्णिमा) को बेलुका श्रीधर नारायणको मूर्ति सामुन्ने 'नसा ब्वयेगु' पर्व पूजा-प्रदर्शन






चित्र १०: आश्विनशुक्ल पूर्णिमादेखि कार्तिकशुक्ल पूर्णिमासम्म १ महीना यसरी आलुमता (आकाशदीप) बाल्ने चलन छ । यहाँ दण्डपाणिको घरमा पसल चलाउँदै आएका तुलसीभक्त श्रेष्ठ श्रीधर नारायणको अघिल्तिर आलुमता झुण्डाइरहेका छन् ।



चित्र ११: भिसिंद्यो तँचाको पश्चिमतर्फ अवस्थित वैद्यहरुको आगँघर



चित्र १२: वैद्य आगँघर पस्ने काण्डनिर्मित यो कलात्मक ढोकाको तोरणको बीचमा उमामहेश्वर र दायाँ बायाँ गणेश र कुमार छन्।



चित्र १३: वैद्य आगँघरको, आँगकोठाको यस एकमुखे आँखीझ्यालको तोरणमा उमामहेश्वर; सो झ्यालको दायाँपट्टिको टुँडालमा भैरव(वेताल-आसन) र गणेश र त्यसैगरी बायाँपट्टिको टुँडालमा सिंहवाहिनी भवानी र कुमार देखापर्छन्। भैरवका चार हातमध्ये अगाडिका दुई हात र त्यसैगरी भवानीको दायाँपट्टिका दुई हात कालक्रमले गर्दा झरिसकेको अवस्थामा छ।






चित्र १४: वैद्य आगँघरको मूल आगमकोठाको बाहिरी भाग



चित्र १५: ने.सं. १०७८(वि.सं. २०१५) मा पूर्णधर वैद्यका वामांगी कैलाशनानी वैद्यनीले आगँका कुलदेवतालाई चढाएको पित्तलको तोरणसहितको द्वारको सो तोरणमा पनि उमामहेश्वर, गणेश र कुमार छन्।



चित्र १६: आगँ कोठा जाने ढोका




चित्र १७: (ने.सं. ७९८) अभिलेखसहितको आसनमा बसेका कुशल वैद्य डो (डोय) र सुभद्रामयी डो (डोय) हरुका प्रस्तर–सालिग





चित्र १८: आगँ कोठाको ढोकाको बायाँपट्टि स्थापित उड्न लागेका पोथी 'ब्व संह'



चित्र १९: आगँ कोठाको ढोकाको बायाँपट्टि स्थापित सिंहिनीको आसनमा कुँदिएको वि.सं. १९६७ को अभिलेख।



चित्र २०: आगँ कोठाको ढोकाको दायाँपट्टि स्थापित उड्न लागेका भाले 'ब्व सिंह'



चित्र २१: भाले ब्य सिंहको आसनको वि.सं. १९६७ को अभिलेख





चित्र २२ जीवित-कुमारी विराजमान गराई पूजा गर्न बनाइएको मल्लकालिक कलात्मक काष्ठ मन्दिर



चित्र २३: "के दिन रात कस्को भर छ र ! ... आखिर सुरक्षाका लागि मानिसहरु हाम्रै भरमा ढुक्क हुँदा रहेछन् !" वैद्य आगँघरको सुरक्षा प्रदान ग़रिरहेका दुइवटा (कलो, खैरो रङ्गका) कुकुरहरु ।